# घरेलु उत्पादन प्रवर्द्धनमा जोड : मन्त्री थापा




**आदर्श समाज**
पोखरा, २१ जेठ

पोखरा महानगरपालिका वडा ७ मा अचार बनाउने तालिम सुरु भएको छ । वडा कार्यालय पोखरा-७ को सहयोगमा एसएन टु एस खाद्य उद्योगको सहकार्यमा आयोजित तालिम ३ दिनसम्म चल्नेछ । तालिममा ४८ जना सहभागी छन् । उनीहरुलाई सोनल बोगटी भुजेलले प्रशिक्षण दिनेछन् ।

तालिम उद्घाटन गर्दै गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले आचार बनाउने तालिमले महिलाहरूमा सीप विकास, घरेलु उत्पादनको प्रवर्द्धन र आर्थिक सशक्तीकरणमा योगदान पुग्ने विश्वास व्यक्त गरे ।

मन्त्री थापाले भने, 'अचार बनाउनेजस्ता साना तर महत्वपूर्ण सीपहरू हाम्रो परम्परागत ज्ञान हुन्, यस्ता तालिमले महिलालाई आत्मनिर्भर बनाउने मात्र होइन, देशको अर्थतन्त्रलाई पनि बलियो बनाउँछ, सरकारले यस्ता कार्यक्रमलाई अझ विस्तार गर्नेछ ।'

वडाध्यक्ष राममोहन आचार्यले स्थानीय स्रोत साधनको उचित प्रयोग गरेर आम्दानी गर्ने अवसरका लागि तालिम महत्वपूर्ण हुने बताए । उनले महिलाहरूलाई उद्यमशील बनाउने लक्ष्यका साथ वडा कार्यालय अघि बढेको भन्दै यो तालिमले महिलाहरूलाई स्वरोजगार र आत्मनिर्भर बनाउने विश्वास व्यक्त गरे ।

नेपाली काँग्रेस वडा कार्यसमिति पोखरा ७ का सभापति नवीन बरालले भोलिका दिनमा व्यवहारमै प्रयोग गर्ने गरी अचार बनाउन सिक्न आग्रह गरे ।

वडाध्यक्ष आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत वडासदस्य बसुन्धरा लामिछाने र सञ्चालन वडासचिव राजेन्द्र पौडेलले गरे ।

# पोखरा-१२ को उद्घोषण तालिम



**आदर्श समाज**
पोखरा, २१ जेठ

पोखरा महानगरपालिका वडा कार्यालय १२ को आयोजनामा उद्घोषण तालिम सोमबार सम्पन्न भयो । ६ दिनसम्म चलेको तालिममा ५५ भन्दा बढी महिलाहरूले भाग लिएका थिए ।

तालिमको समापन कार्यक्रममा बोल्दै वडाध्यक्ष सन्तोष बास्तोलाले महिलाहरूको व्यक्तित्व तथा नेतृत्व विकास गर्दै सार्वजनिक रूपमा बोल्न सक्ने र कार्यक्रम सञ्चालन गर्न सक्ने बनाउने उद्देश्यले तालिम आयोजना गरिएको जानकारी दिए । उनले आगामी दिनमा महिलालाई अझ सक्षम र सबल बनाउने लक्ष्यका साथ यस्ता तालिमहरूलाई निरन्तरता दिने प्रतिबद्धता समेत जनाए ।

कार्यक्रम संयोजक एवं वडा सदस्य शान्ति कोइरालाले तालिमले सहभागीहरूमा आत्मविश्वास र उद्घोषण क्षमतामा उल्लेखनीय सुधार आएको बताइन् । वडा सदस्य शान्तबहादुर थापा र वडासचिव शारदा सापकोटाले कार्यक्रमको महत्वबारे प्रकाश पार्दै महिला सशक्तीकरणमा यस्ता तालिमहरूको योगदान उच्च रहेको उल्लेख गरे ।

प्रशिक्षक अनुराग अधिकारीले उद्घोषण तालिमको प्रभावकारिता र यसको निरन्तर अभ्यासको आवश्यकतामा जोड दिए । सहभागीहरू अनिता पोखरेल, खिमकुमारी गुरुङ, रसोदा बाराल लगायतले तालिम अत्यन्तै उपयोगी भएको प्रतिक्रिया दिए । उनीहरूले आगामी दिनमा पनि महिलामुखी कार्यक्रमलाई प्राथमिकतामा राख्दै बजेट विनियोजन गरिदिन जनप्रतिनिधिसँग आग्रह गरे ।

# गौतम गोत्रीय त्रिपाठीको सभा

**पोखरा, २१ जेठ (आदर्श समाज)-** अर्घौं कालिकाका समावेदी गौतम गोत्रीय त्रिपाठीहरुको वार्षिक साधारण सभा तथा कुलपूजा पोखरा-२८, दुरारुखकोटस्थित त्रिपाठी कुलमन्दिरमा सम्पन्न भयो ।

त्रिपाठी कुल संस्कृत विकास समाज अर्घौं झाझरमारेका अध्यक्ष केशवदास त्रिपाठीको अध्यक्षमा भएको कार्यक्रममा प्रमुख अतिथि त्रिपाठी तिवारी राष्ट्रिय प्रतिष्ठान नेपालका केन्द्रीय अध्यक्ष ऋषिराम त्रिपाठीले प्रस्ट योजना र योजना कार्यान्वयनले नै समाज अगाडि बढ्ने बताए ।

समाजका सल्लाहकार रामकृष्ण त्रिपाठीले त्रिपाठीहरुको इतिहासको चर्चा गर्दै परम्परा र कुल पुजाको महत्वमाथि प्रकाश पारे ।

सल्लाहकार हरिप्रसाद त्रिपाठीले अग्रजको योगदानको चर्चा गर्दै योगदान भुल्न नहुने कुरामा जोड दिए । समाजका सल्लाहकार एवं वंशावली प्रकाशन दोस्रो संस्करणका संयोजक कीर्तिवल्लभ त्रिपाठीले परिचयात्मक कार्यक्रम गर्दै उत्कृष्ट कार्यसम्पादन गरेकोमा कार्यसमितिलाई धन्यवाद दिए । महिला सदस्य सीता अधिकारी त्रिपाठीले त्रिपाठी महिला सञ्जालको आवश्यकतामा जोड दिइन् ।

यस्तै, यस वर्ष ७५ वर्ष पूरा भएका त्रिपाठी जेष्ठ नागरिकहरु कुलदीप त्रिपाठी, लक्ष्मी त्रिपाठी, ढकनाथ त्रिपाठी, मधुमाया त्रिपाठी, अम्बिका त्रिपाठी, लक्षिमा त्रिपाठीलाई सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको थियो । संस्थाका सल्लाहकार नन्दलाल त्रिपाठीले संयोजन गरेको उक्त सम्मान कार्यक्रममा हवनकुण्ड निर्माणका लागि २ लाख ८५ हजार आर्थिक सहयोग गरेकोमा लन्कु चितवन निवासी स्व. विष्णुनिवास त्रिपाठीकी धर्मपत्नी मीनादेवी त्रिपाठीलाई सम्मान गरिएको थियो । सचिव बालाकृष्ण त्रिपाठीले संचालन गरेको उक्त कार्यक्रममा कोषाध्यक्ष पुष्पराज त्रिपाठीले कोषाध्यक्षको प्रतिवेदन तथा सचिव बालाकृष्ण त्रिपाठीले सचिवको प्रतिवेदन पेस गरेका थिए । आगामी दिनमा पनि पूजा वार्षिकरुपमा नै गर्ने तर बलि हरेक ५ वर्षमा मात्र दिने निर्णय गरेको जानकारी समाजका सचिव बालकृष्ण त्रिपाठीले दिए ।

# लोकगीतमा ऊर्जाशील नेत्रहीन महिला समूह पहिलो




**आदर्श समाज**
लेखनाथ, २१ जेठ

कास्की नेत्रहीन संघले सोमबार आयोजना गरेको अपांगता सचेतनासम्बन्धी लोकगीत प्रतियोगितामा ऊर्जाशील नेत्रहीन महिला समूह पोखरा–२६ प्रथम भएको छ ।

नेत्रहिन महिला समूहले दोस्रो स्थान हासिल गरेको छ भने नमूना आमा समूह पोखरा–२६, रिठ्ठेपानी तेस्रो भयो । नेत्रहीन युवा संघ बूढीबजार सान्त्वना भयो । प्रथम, दोस्रो, तेस्रो र सान्त्वनालाई क्रमशः १०, ७, ५ र ३ हजार साथमा प्रमाणपत्र वितरण गरिएको छ ।

पुरस्कार वितरण गर्दै पोखरा २६ का वडाध्यक्ष नरेन्द्र थापाले भौतिक पूर्वाधारको स्तरोन्नतिले मात्र विकासको मापन नहुने हुँदा मानवीय संशाधन विकासमा ध्यान दिनुपर्ने बताए ।

वडा सदस्य सुजता बराल सुनारले सबै क्षेत्रलाई समेट्ने गरी वडाले बजेट विनियोजन गरेको उल्लेख गर्दै महिलाको सशक्तीकरणका लागि क्षमता अभिबृद्धिका कार्यक्रममा जोड दिइएको बताइन् ।

सूचना अधिकारी नवराज सापकोटाले भौतिक पूर्वाधारहरु अपाङ्गमैत्री हुनुपर्नेमा जोड दिँदै क्षमता अभिबृद्धि र उद्यमशीलताका कार्यक्रम संचालन गरी आत्मनिर्भर बनाउन सहयोग गर्नुपर्ने बताए ।

कास्की नेत्रहीन संघ अध्यक्ष श्रीकान्त सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा लोकदोहोरी प्रतिष्ठान कास्कीका अध्यक्ष शिवहरि ढुंगाना, लक्ष्मी आदर्श क्याम्पसका सहायक क्याम्पस प्रमुख तारा शर्मा, अपांग महासंघका रमेश पोखरेल, कास्की नेत्रहीन संघका उपाध्यक्ष अमृत बराल लगायतले बोलेका थिए ।

वडाध्यक्ष थापाले ४० जना दृष्टिविहीनलाई सेतो छडी, दुई जनालाई ह्वील चेयर र पाँच जनालाई हेयर एड मेशिन वितरण गरेका थिए ।

प्रतियोगितामा वडा २६ का महिला तथा आमा र दृष्टिविहीनसहित १४ समूहको सहभागिता थियो । लोकदोहोरी गायक शिवहरि ढुंगाना, लक्ष्मी आदर्श क्याम्पसका सहायक क्याम्पस प्रमुख तारा शर्मा र रमेश पोखरेल निर्णायक थिए ।

कार्यक्रम नेत्रहिन संघ कास्कीका सुनिता ज्ञवालीले संचालन गरेको कार्यक्रमको संयोजन सुशील गोदारले गरेका थिए ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१, मैदान ठूलीस्वाँरा धुर्सेनी सडक निर्माण योजनाको तपशिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

**योजनाको नामः** मैदान ठूलीस्वाँरा धुर्सेनी सडक निर्माण योजना
**उपभोक्ता समितिको नामः** मैदान ठूलीस्वाँरा धुर्सेनी सडक निर्माण उपभोक्ता समिति
**योजनाको कुल लागतः** रु. ८,२७,४७२।९९
**सम्झौता मितिः** २०८१/११/२८
**योजना सुरु मितिः** २०८१/११/२९
**योजना सम्पन्न हुने मितिः** २०८२/०१/२०
**बाटोको लम्बाईः** ८० मिटर
**नगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम :** ७,००,०००।००
**उपभोक्ता समितिबाटः** रु. १,२७,४७२।९९
**जम्मा खर्चः** रु. ८,२७,४७२।९९

**उपभोक्ता समितिका पदाधिकारी**
**अध्यक्ष :** चन्द्रप्रसाद पौडेल
**उपाध्यक्षः** वेलबहादुर राना
**सचिवः** शेरबहादुर राना
**कोषाध्यक्षः** शिवकुमारी आचार्य
**सदस्यः** पुष्पा राना, रत्ना राना, सुवर्ण श्रेष्ठ, श्रवण श्रेष्ठ

**अनुगमन समिति**
**संयोजक**
नरबहादुर राना
**सदस्यः**
विणीमाधव भण्डारी
लीला रानामगर

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति २०८२।०२।२० गते**

कास्की जिल्ला नुवाकोट मौजे अक्राम फर्सेखोला का.जि.मु. बुद्धिरास गुरुङ जिम्मा झुत्ता १९९१ सालको पाखोतर्फको मोठ लगत उतार बमोजिम द्र.नं. ६ विज पाथी १ मध्ये ।५० लागी दर्ता भएको भु.सु. ७ नं. फाराम मेरा जेठाजु जनक बहादुर गुरुङबाट लगत दिएको २०३३ साल सम्मको तिरो मेरी सासु बज्यै लक्षीन कुमारी गुरुडबाट तिरेको, सर्भे नापीमा मट्टिखान १ को कि.नं. २९६, १५४, १९६, २१८, १, ३, २९४, २७६, क्षे.फ. क्रमशः १-९-१-१, ०-१०-३-२, ०-४-२-१, ०-९-०-०, ०-८-३-३, ३-०-०-२, ०-२-०-१, ०-२-१-२ का जग्गा विरहमा मकै, धान, किसिममा सिम र दोयम भै उल्लेख भएका ८ कित्ता जग्गा फिल्डबुक महलमा मेरो श्रीमान चक्र बहादुर गुरुङको नाममा कायम भएको, मट्टिखान १ को कि.नं. ७६६ क्षे.फ. ७-०-०-० को जग्गा विरहमा धान, किसिममा दोयम भएको, जग्गा फिल्डबुक महलमा धिर बहादुर गुरुङ, जनक बहादुर गुरुङ, चिनकाजी गुरुङ, चक्र बहादुर गुरुङ, धन बहादुर गुरुङका नाउँमा कायम भएको जग्गामध्ये मिति २०३६।०७।२९ को तत्कालीन पश्चिमाञ्चल क्षेत्रीय अदालतको फैसला बमोजिम मिति २०५०।०५।२२ को यस मालपोत कार्यालय कास्कीको च.नं. ५/६ को मु.०५०/५१ को पत्रानुसार कित्ता फोड भै कि नं. १२२२ क्षे.फ. २-५-१-१ धन बहादुर गुरुङले लगी बाँकी कि.नं. १२२३ क्षे.फ. ४-१०-२-३ को जग्गा विरहमा धान, किसिममा दोयम भएको १ कित्ता जग्गा समेत गरी जम्मा ९ कित्ता जग्गा मेरा श्रीमान् चक्र बहादुर गुरुङको नाउँमा कायम हुने जग्गा श्रीमान् चक्र बहादुर गुरुङको मिति २०६२।०७।२४ मा मृत्यु भएको निज मृतकको आफ्नो अंश तथा हालैको बकसपत्रबाट हक भै भोगचलन गरी आएको जग्गाहरु वहाँको शेषपछि निजको एकमात्र श्रीमती लाल कुमारी गुरुङ्गले मैलेनै आबाद कमोद भोगचलन गर्दै आएको उक्त जग्गा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी साबिक स्याङ्गजा जिल्ला फेदीखोला गा.वि.स. वडा नं. ६ हाल फेदीखोला गा.पा. वडा नं. १ बस्ने लाल कुमारी गुरुङले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यसअघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित दाबी उजुरी गर्न आउनुहोला अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर बाजुर लाग्ने छैन ।

तपशिल :-

| जिल्ला | गा.वि.स./न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | मट्टिखान | १ | २९६ | १-९-१-१ | मकै | सिम | चक बहादुर गुरुङ |
| | | | १५४ | ०-१०-३-२ | | | |
| | | | १९६ | ०-४-२-१ | | | |
| | | | २१८ | ०-९-०-० | | | |
| | | | १ | ०-८-३-३ | धान | सिम | |
| | | | ३ | ३-०-०-२ | | दोयम | |
| | | | २९४ | ०-२-०-१ | | सिम | |
| | | | २७६ | ०-२-१-२ | | सिम | |
| | | | १२२३ | ४-१०-२-३ | | दोयम | कि.नं. ७६६ धिर ब., जनक ब., चिनकाजी, चक्र ब., धन ब. गुरुङको क्षे.फ. ७-०-०-० बदर भई कि.नं. १२२३ कायम । |

ईति संवत २०८२ साल जेठ २० गते रोज ३ शुभम् ।

## WANTED URGENTLY

**Post:** Teacher
**Subject:** Maths
**Class:** 7 – 10
**Contact No.:**
9846022535
9806558415

## TEACHER WANTED

1. Primary Level Maths/ Science Teacher-1
2. Lower Sec. Level Maths/ Science Teacher-1
3. Pre-primary Teacher-1
4. Office Helper (Female)-1

**Contact**
9846792965
Newroad, Pokhara

## सर्टिफिकेट हरायो

मिति २०८२/०२/०१ गते पोखरा-१३ बाँझापाटनबाट महेन्द्रपुलसम्म जाँदा मेरो निम्न विवरण भएको नेपाल नर्सिङ परिषद् रजिष्ट्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नु हुने वा भेट्टाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न सम्पर्कमा खबर गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।
नाम : प्रशंसा थापा
रजिष्ट्रेशन नं. : २२४६७
पोखरा-१६, बाटुलेचौर
सम्पर्क : ९८०४१५०८३०

E-PAPER
eAdarsha.com

## सम्बन्धित सँधियारका लागि सूचना

पोखरा महानगरपालिका वडा नं. ६ टोल गैराखेत स्थित कि.नं. १४५ का जग्गाधनी विष्णु शर्माको जग्गामा बनेको तीनतले १३७.३१ वर्गमिटरको घरको सम्पन्न लिनका लागि पूर्वतर्फ कि.नं. १४३, पश्चिम बाटो, उत्तरतर्फ बाटो र दक्षिणतर्फ कि.नं. १४४ का जग्गा धनीसँग सम्पर्क हुन नसकेको हुँदा सो घर निर्माण सम्पन्नको प्रमाणपत्र लिनका लागि सम्बन्धित उक्त कित्ताका जग्गाधनीहरुलाई उक्त घर निर्माणको अभिलेखीकरण गर्दा सम्बन्धित सँधियारहरुलाई वा सार्वजनिक कुनै संघ संस्थालाई बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र पो.म.न.पा. वडा नं. ६ मा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

## मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं २६ जंगे राजभाटको नाति बुद्दि राजभाटको छोराहरु लिला राजभाट र टिकाराम राजभाटको द.नं. ४३३० मिति २०८१/१/२३ को तथा द.नं ७६१६ मिति २०८२/२/१३ को छुट जग्गा दर्ता नामसारी गरी पाउँ माग निवेदनमा कास्की जिल्ला साविक अर्घौ मौजे जि.मु जसीराजको भवे राजभाट जिम्मा नापी समयमा कन्धानीडाँडा ७ कि.नं. १९९ क्षे.फ ०-५-०-० विरहमा खर, किसिम चाहार र ऐ कि.नं १८९ क्षे.फ ०-१-३-२ विरह खर, किसिम चाहार जनिएको विष्णु माया भटीनी (प. कन्धानीडाँडा वडा नं. ७ पति बुद्देराज, ससुरा जंगेराज) का नाममा फिल्ड बुक भएको विष्णुमाया राज भाटबाट तिरो तिरी भोग चलन गर्दै आएको साविक जग्गावाला विष्णुमायाको मृत्यु भएको हुँदा निज मृतकको हकवाला छोराहरु लिला राजभाट र टिकाराम राजभाटको संयुक्त नाममा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी निवेदन प्राप्त भएकाले फिल्डबुकका विष्णु माया भटीनी र तिरो र मृत्यु दर्ताका का विष्णुमाया राजभाट फरक व्यक्ति भएमा वा उक्त जग्गा दर्ता सम्बन्धमा यस अघि अन्य कसैले कारवाही चलाएको भएमा वा निवेदकको माग बमोजिम तपसिलका जग्गा दर्ता गर्न नहुने कुनै कारण भएमा वा उक्त जग्गामा अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र प्रमाणसहित उजुरी गर्न आउनु होला । अन्यथा कानून बमोजिम भैजाने व्यहोरा जानकारीका लागि यो । सूचना प्रकाशन गरिएको छ

**तपसिलः**

| गाविस | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|
| कन्धानीडाँडा | ७ | १८९ | ०-१-३-२ | खर | चाहार | विष्णु माया भटीनी |
| कन्धानीडाँडा | ७ | १९९ | ०-५-०-० | खर | चाहार | विष्णु माया भटीनी |

इति सम्वत् २०८२ साल जेठ २१ गते रोज ४ शुभम्

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना २२ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय छोरेपाटनबाट तपशिलमा उल्लेखित ऋणीहरुले व्यक्तिगत आवधिक कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण |
|---|
| मन बहादुर भन्ने खड्क बहादुर गुरुङ्गको नाति हिरामनि गुरुङ्गको छोरा कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. २४ हाल, पोखरा म.न.पा. वडा नं. २१ बस्ने **राम बहादुर गुरुङ्ग** (ना.प्र.नं. : ५४८५८ जारी मिति र जिल्ला : २०५४/०४/१४, कास्की) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) देवेन्द्र शाहीको नाति पदम बहादुर शाहीको छोरा स्याङजा जिल्ला पुतलीबजार वडा नं. ५ हाल, पुतलीबजार न.पा. वडा नं. ५ बस्ने **प्रकाश शाही** (ना.प्र.नं. : ४२-०१-७६-०४०८१ जारी मिति र जिल्ला : २०७६/११/१२, स्याङजा) |
| २) खडक बहादुर गुरुङ्गको नातिनी हिरामनी गुरुङ्गको छोरी कास्की जिल्ला कृस्तीनाच्ने चौर वडा नं. ४ हाल, पोखरा म.न.पा. वडा नं. २१ बस्ने **धन कुमारी गुरुङ्ग** (ना.प्र.नं. : १५२१४५ जारी मिति र जिल्ला : २०६१/०८/२१, कास्की) |
| ३) पुर्णबहादुर गुरुङ्गको छोरी हिरामनि गुरुङ्गको बुहारी राम बहादुर गुरुङ्गको पत्नी कास्की जिल्ला कृस्तीनाच्ने चौर वडा नं. ४ हाल, पोखरा म.न.पा. वडा नं. २१ बस्ने **पशुपति गुरुङ्ग** (ना.प्र.नं. : १६७७१८ जारी मिति र जिल्ला : २०६३/०२/०७, कास्की) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## गल्याङ नगर अस्पताल

गल्याङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**गल्याङ नगर अस्पताल**
गल्याङ, स्याङ्जा

**अत्यावश्यक औषधी तथा सर्जिकल सामान खरिदको सिलबन्दी दरभाउपत्रको सूचना**
**सिलबन्दी दरभाउपत्र नं. ०१/२०८१-०८२**
प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२०

यस गल्याङ नगर अस्पतालको लागि आ.व. ०८२।०८३ मा आवश्यक पर्ने औषधी एवं सर्जिकल, ल्याब, यु. एस. जी, डेण्टल, एक्सरे बिल, रिपोर्ट छपाइ तथा प्रिन्टङ स्टेशनरी र सरसफाइसम्बन्धी सामानहरु सार्वजिक खरिद नियमावली २०६४ को नियम २१'क' एकाइ दर सम्झौता बमोजिम सिलबन्दी बोलपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । निम्नानुसार तोकिएको शर्तहरुको अधीनमा रही सिलबन्दी बोलपत्रमा भाग लिन इच्छुक उत्पादक कम्पनी, फर्म तथा सप्लायर्सहरुलाई प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र सिलबन्दी एकाइ दर पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सिलबन्दी बोलपत्र एकाइ दर फाराम माग गर्दा स्थायी लेखा नम्बर र मु.अ.कर दर्ता प्रमाणपत्र, संस्था तथा कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, व्यावसायिक प्रमाणपत्र नवीकरण भएको प्रमाणपत्र र कर चुक्ता प्रमाणहरुको प्रमाणित प्रतिलिपि संलग्न गरी रु. १०।- को टिकट टाँसी निवेदन दिनुपर्ने छ ।

१. सिलबन्दी बोलपत्र एकाइ दर फाराम रु.३,०००।०० (तीन हजार) पछि फिर्ता नहुने गरी दाखिला गरेको नगदी रसिद वा बैंक भौचर यस गल्याङ नगर अस्पताल मा तोकिएको समयावधिभित्र कार्यालय समयमा पेश गरी खरिद गर्न सकिनेछ ।
२. बिक्री भएका सिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजेभित्र रितपूर्वक सहिछाप गरिएको सिलबन्दी बोलपत्र एकाइ दर फाराम यस अस्पतालमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता हुनआएका सिलबन्दी एकाइ दर फारामहरु लगतै अस्पतालका कर्मचारी, प्रतिनिधि र सिलबन्दी बोलपत्र एकाइ दर दाता वा निजको प्रतिनिधिको रोहवरमा यस अस्पतालमा खोलिने छ । सिलबन्दी बोलपत्र एकाइ दर दाता वा निजको प्रतिनिधिको उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र एकाइ दर फाराम खोल्न बाधा पर्ने छैन ।
३. सिलबन्दी बोलपत्र एकाइ दर फारम खरिद गर्ने अन्तिम दिन तथा दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको दिन खरिद तथा दर्ता गर्न सकिने छ ।
४. सिलबन्दी बोलपत्र एकाइ दर फारममा मू.अ. कर बाहेकको एकाइ दर अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ ।
५. कुनै पनि सिलबन्दी बोलपत्र एकाइ दर फारम आंशिक वा पूर्णरुपले स्वीकृत गर्ने वा नगर्ने, रद्द गर्ने वा एकाइ दर फारमको आइटमवाइज वा प्याकेजमा प्रतिस्पर्धा हुने गरी निर्णय गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सीमित रहनेछ ।
६. रीत नपुगी वा म्याद नाघी वा सिलबन्दी नभई आएका बोलपत्र एकाइ दर फारमउपर कुनै कारबाही हुने छैन ।
७. सिलबन्दी बोलपत्र एकाइ दर फारमदाताले कबोल गरेको एकाइ दरमा नै सम्झौताअनुसारको परिमाण र लागतमा यस कार्यालयको स्टोरमा औषधी तथा सर्जिकल सामानहरु बुझाउनु पर्ने छ । बोलपत्रदाताले कबोल गरेको मूल्यबाहेक अन्य कुनै खर्च अस्पतालबाट व्यहोरिने छैन ।
८. सिलबन्दी बोलपत्र एकाइ दर फारमअनुसार सम्झौता अवधि आ.व. २०८२/०८३ मा कुनै मूल्य वृद्धि दिइने छैन ।
९. सिलबन्दी बोलपत्र एकाइ दर अनुसार सप्लाई हुने औषधी तथा सर्जिकल सामानहरु उत्पादक कम्पनी WHO, ISO, GMF सर्टिफाइड हुनुपर्ने छ ।
१०. उपयुक्त बुदाहरुमा उल्लेख नभएका कुरा वा शर्तहरुको हकमा प्रचलित आर्थिक कार्यविधि ऐन तथा नियमावली सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।
११. यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा यस अस्पतालको फोन नं. ०६३-४६१४६१ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।